## मर्स्याङ्दी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

भुलभुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल

# मर्स्याङ्दी गाउँपालिका कृषि तथा पशु हाटबजार सञ्चालन कार्यविधि, २०८०

पारित मितिः २०८० चैत्र ०५

CamScanner

मर्स्याङ्दी गाउँपालिका कृषि तथा पशु हाटबजार सञ्चालन कार्यविधि,२०८०

**प्रस्तावना**

नेपालमा कृषि तथा पशुपन्छीजन्य उत्पादनमा वृद्धि गर्ने प्रयास संस्थागत रुपमा विगत पाँच-छ दशक भन्दा अघिदेखि जारी छ। यसबाट गाई, भैंसी, खसी, बोका आदि विभिन्न पशु तथा कृषि उपजको उत्पादकत्व तथा उत्पादनमा उल्लेखनिय वृद्धि समेत हुदै आएको छ। यसको बाबजुद माग अनुसार विभिन्न कृषिजन्य तथा पशुजन्य वस्तुको प्रयास उत्पादन नभएकोले कृषि तथा पशुजन्य वस्तुको आयातमा ठुलो धनराशी खर्च पनि भइराखेको छ। कृषकलाई कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि गर्न अझ बढि प्रोत्साहित गर्नका लागि उत्पादित कृषि उपज ( साग, सब्जी, तेलहन, फलफुल, बीदबीजन आदि) तथा पशु ( गाई, भैंसी, खसीबोका, बंगुर, कुखुरा, हाँस आदि)सहज तरीकाले खरीद बिक्रि गर्न पाउने व्यवस्था मिलाउन बजार प्रणालिको विकास गर्नु जरुरी छ। यसबाट कृषकको आय बढ्ने र पशु तथा पशुजन्य उत्पादनको आयात प्रतिस्थापनमा पनि सहयोग पुग्ने छ।

कृषकले उत्पादन गरेका पशु तथा पशूजन्य वस्तुबाट कृषक, व्यापारी र उपभोक्तालाई लाभ पुर्याउन व्यवस्थित तथा प्रतिस्पर्धात्मक कृषि तथा पशु बजार प्रणालिको विकास तथा व्यवस्थान गर्न आवश्यक भएकोले मर्स्याङ्दी गाउँपालिकाले वडा नं ०३ खुदिमा संचालन हुने हाटबजार विकास र व्यवस्थापन गर्नको लागि स्थानिय सरकार संचालन ऐन,२०७४ दफा ११ ञ (२) को व्यवस्था कार्यान्वयन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ र मर्स्याङ्दी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "मर्स्याङ्दी गाउँपालिका कृषि तथा पशु हाटबजार संचालन कार्यविधि, २०८०" हुनेछ।

(२) यी कार्यविधी गाउँकार्यपालिकाबाट पारित भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कृषि तथा पशु हाटबजार सञ्चालन कार्यविधीमाः

(क) "समिति" भन्नाले कार्यविधीको दफा ५ बामोजिम गठित कृषि तथआ पशु हाटबजार सञ्चालक समितिलाई सम्झनुपर्दछ।

(ख) "कृषि तथा पशु हाटबजार" भन्नाले कृषि उत्पादन, बीउ बीजन, पशु तथा पशुजन्य उत्पादनको बिक्रि वितरण गर्ने उदेश्यले सञ्चालित बजार सम्झनुपर्दछ। यसले पशु हाटबजार, पशु संकलन केन्द्र एवं मासु बजारलाई समेत जनाउने छ।

(ग) "पशु संकलन केन्द्र" भन्नाले पशु उत्पादन क्षेत्र आसपास पायक पर्ने गरी पशुहरु जम्मा गरी बिक्री वितरण गर्ने उदेश्यले निर्माण र संचालन गरिने संरचना सम्झनुपर्दछ।

(घ) "पशु वस्तु" भन्नाले जिवित पशुपन्छी रपशुजन्य उत्पादनलाई सम्झनुपर्दछ।

(ङ) "पशुपन्छी" भन्नाले घरपालुवा गाई, भैंसी, भेडा, बाख्रा, बंगुर जस्ता चौपाया तथा कुखुरा, हाँस, परेवा, अष्ट्रिच, टर्कि, बट्टाई जस्ता पन्छी र माछा तथा सो खाले सबै जाति र उमेरका भाले र पोथिलाई समेत जनाउँदछ।

(च) "पशुपन्छीजन्य उत्पादन" भन्नाले पशुपंछी पालनबाट उत्पादित प्रशोधित वा अप्रशोधित दुध, मासु वा सोबाट तयार हुने उपभोग्य खाद्यपदार्थहरुका अतिरिक्त पशुपन्छीको छाला, ऊन, हाड र सोबाट तयार हुने वस्तुहरु समेतलाई जनाउँदछ।

(छ) "गाउँपालिका" भन्नाले मर्स्याङ्दी गाउँपालिकालाई सम्झनुपर्दछ।

(ज) "अध्यक्ष" भन्नाले कृषि तथा पशु हाटवजार समितिको अध्यक्ष सम्झनुपर्दछ।

(झ) "उपाध्यक्ष" भन्नाले कृषि तथा पशु हाटबजार समितिको उपाध्यक्ष सम्झनुपर्दछ।

(ञ) "सदस्य" भन्नाले कृषि तथा पशु हाटबजार समितिको सदस्य सम्झनु पर्दछ।

(ट) "मन्त्रालय" भन्नाले संघीय तथा प्रदेश सरकारको कृषि तथा पशु सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्दछ।

(ठ) "सेवा शुल्क" भन्नाले यस कृषि तथा पशु हाटवजार उपलब्ध गराईएको र सेवा सुविधा उपलब्ध गारए वापत प्राप्त हुने हाटबट्टी कर, इजाजत शुल्क, प्रवेश शुल्क, पशुवस्तु बिक्रि गर्दा लाग्ने शुल्क तथा स्थान उपलब्ध गराए बापतको भाडा वा अन्य शुल्क सम्झनुपर्दछ।

(ड) "बजार व्यवस्थापक" भन्नाले यस कार्यविधि बमोजिम तोकिएको वा नियुक्त गरिएको बजार व्यवस्थापक वा सदस्य सचिवलाई सम्झनुपर्दछ।

३. उदेश्य

(क) कृषि कार्यबाट उत्पादित उपजहरु, पशु उत्पादन पकेटहरुलाई बजारसँगको आबद्धता प्रदान गर्दै स्वस्थ जीवित पशुपंछी तथा पशुपन्छी जन्य उत्पादन तथा कृषि सामाग्रीहरुको बाजरीकरणमा टेवा पोर्याउने।

(ख) जीवीत पशुपन्छीका बजारहरु संचालनका विधि र प्रकृयाहरुमा एकरुपता कायम गर्ने।

(ग) स्वच्छ, स्वस्थ्य एवं गुणस्तरीय जीवित पशुपन्छी, पशुजन्य पदार्थको उत्पादन, प्रशोधन, विविधिकरण र बिक्रि वितरण तथा उपलब्धता सुनिश्चित गर्न सघाउ पुर्याउने।

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

(घ) बजार संचालन गर्ने एवं व्यवस्थित बजार सूचना प्रणालीको विकास गर्ने।

(ङ) कृषि तथा पशुजन्य पदार्थका उत्पादक, व्यापारी, व्यवसायी र आम उपभोक्ताको दक्षता र सचेतना अभिवृद्धिमा सघाउ पुर्याउने।

(च) कृषि तथा पशुजन्य पदार्थको सहज आपुर्ति स्थिति अनुगमन गर्ने।

(छ) पशुजन्य पदार्थको आयात प्रतिस्थापन तथआ निर्यात प्रवर्द्धनमा सघआउ पुर्याउने।

४. **मर्स्याङ्दी गाउँपालिका कृषि तथा पशु हाटबजार संचालक समितिको गठनः**

(क) मर्स्याङ्दी गाउँपालिका कृषक सन्जाल अध्यक्ष - अध्यक्ष

(ख) मर्स्याङ्दी गाउँपालिका कृषक सन्जाल सचिव - सचिव

(ग) मर्स्याङ्दी गाउँपालिका वडा स्तरीय कृषक सन्जाल समितिका अध्यक्षहरु सदस्य ९ जना - सदस्य

(घ) उद्योग वाणिज्य संघ, खुदी इकाई अध्यक्ष -सदस्य

(ङ) कृषि शाखा प्रमुख - सदस्य

(च) पशु शाखा प्रमुख - सदस्य

(छ) हाटबजार संचालक समितिका सदस्य संख्यामा थपघट गार्नुपर्ने अवस्थामा संचालक समितिको सिफारिसका आधारमा गाउँपालिका प्रमुखले थपघट गर्न सक्नेछन।

५. **सल्लाहकार समितिः** यस समितिले तपशिल अनुसारको सल्लाहकार समिति गटन गर्नेछ।

- गाउँपालिका अध्यक्ष, मर्स्याङ्दी गाउँपालिका
- गाउँपालिका उपाध्यक्ष, मर्सयाङ्दी गाउँपालिका
- प्रमुख प्रशासकीय अधिकृत, मर्स्याङ्दी गाउँपालिका
- आर्थिक विकास समिति संयोजक, मर्स्याङ्दी गाउँपालिका
- वडा नं ०३ वडा अध्यक्ष, मर्स्याङ्दी गाउँपालिका

६. **लेखा समितिः** यस समितिले सदस्यहरु मध्यबाट १ जना संयोजक सहित ३ सदस्यीय लेखा समिति गठन गर्नेछ।

७. **सचिवालयः** दैनिक रुपमा हाटबजार व्यवस्थापन सम्बन्धी निर्माण गर्न संचालक समितिको अध्यक्ष, सचिव सहित दफा ४ बमोजिम गठन हुने समितिको ३ सदस्यहरु सहित ५ सदस्यहरु रहेको सचिवालय गठन गरिनेछ। सचिवालयले गरेका निर्णयहरु समितिको बैठकबाट अनुमोदन हुनेछन। सचिवालयको प्रत्यक बैठकमा संरक्षकलाईं आमन्त्रण गर्नुपर्नेछ।

८. **सदस्यहरुको योग्यताः**

(क) नेपाली नागरिक

(ख) नैतिक पतन हुने फौजदारि अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको

अर्जुन गुरुङ
अध्यक्ष

(ग) मगाह नबिग्रेको

(घ) कुनै अदालतबाट कैद सजाय भएको रहेछ भने सो भुक्तान भएको पाँच वर्ष पुरा भएको

(ङ) पशु वजारको कोष वा सम्पत्ति अपचलन गरेको प्रमाणित नभएको।

९. समितिको काम, कर्तव्य र अधिकार

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१. कृषि उपजहरु, जीवीत पशु उत्पादक, व्यापारी र उपभोक्ताहरुको आवश्यक्ता पूरा गर्न जीवीत पशु वजारकोलागि आवश्यक भौतिक सुविधाहरु लगायतको व्यवस्था गरी सो वजारलाई प्रतिस्पर्धात्मक रुपमा संचालन गर्नु गराउनु समितिको कर्तव्य हुनेछ।

२. माथि उल्लेखित कर्तव्य पालन गर्नको लागि समितिले देहायका कार्यहरु गर्न सक्नेछः

(क) कृषि तथा पशु हाटवजार स्थलको विकास, विस्तार र गुणस्तरीय सेवा प्रवाह गर्ने सम्वन्धमा कार्य योजना बनाई लागु गर्ने, वजार व्यवस्थापन सम्वन्धमा नीति निर्धारण गर्ने तथा सोको कार्यान्वयन गर्ने।

(ख) नियमित रुपमा वजार सूचना आदान प्रदान गर्न सहयोग पुर्याउने।

(ग) वजार व्यवस्थापनको लागि आवश्यक पर्ने कर्मचारीहरुको व्यवस्थान गर्ने। बजार सन्चालनको लागि आवश्यक पर्ने कर्मचारी दरवन्दी, सेवा शर्त र सुविधा एकीन गरी स्वीकृतिका लागि मर्स्याङ्दी गाउँपालिकामा पेश गर्ने।

(घ) पशु हाटवजारको उदेश्य प्राप्त गर्न कार्यविधिहरु वनाई स्वीकृतिका लागि मर्स्याङ्दी गाउँपालिकामा पेश गर्ने।

(ङ) कृषक, व्यापारी, संघ, संस्था, निकायवा व्यक्ति विशेषको लागि वजार सुविधा उपलब्ध गराउने।

(च) कृषि तथा पशु हौवजारमां सुविधाहरु उपलब्ध गराएबापत लिनु पर्ने आवश्यक सेवा शुल्क सम्वन्धित व्यक्ति वा निकाय बाट असुल गर्ने।

(छ) हाटजार संचालन सम्वन्धी कुनै समस्या उत्पन्न भएमा सो समाधान गर्ने।

(ज) हाटवजार स्थललाई सफा सुग्घर राखी स्वस्थ वातावरण कायम गर्ने।

(झ) हाटवजार स्थलको मर्मत संभार तथा संरक्षणको व्यवस्था मिलाउने।

(ञ) हाटबजार संचालन व्यवस्था सम्वन्धमा अन्य आवश्यक कार्यहरु गर्ने।

(ट) पालिकाको प्राविधिकको सहयोगमा योजना तर्जुमा, वार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्ने तथा पालिकाबाट सो स्वीकृत गराई कार्यान्वयन गर्ने गराउने।

(ठ) हाटवजार सम्वन्धी सूचना तथा जानकारीहरु सम्प्रेषण गर्ने।

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

मर्स्याङ्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलभुले, लमजुङ

(ड) हाटवजारको विकास, विस्तार र हाटवजारबाट प्राप्त हुन सक्ने सुविधाका सम्वन्धमा प्रचार प्रसार गर्ने।

(ढ) स्वीकृत कार्यक्रम तथा वजेटको परिधि भित्र रहेर खर्च गर्ने।

(ण) विक्रि गर्न ल्याएको कृषि उपज तथा पशुपन्छीको अव्स्था हेरी/जाँच गरी अस्वस्थ तथआ उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पार्न सक्ने पशुपन्छी खरिद विक्रि गर्न नपाईने व्यवस्था मिलाउने।

(त) कृषि तथा पशुहाटवजारमा कारोवार गर्ने व्यक्तिले प्रमाणित नापतौल प्रणाली तथा आधिकारिक निकायवाट प्रमाणित/स्वीकृत नापतौल विपरित कार्य गरेको पाइएमा सामाग्री/उपकरण जफत गरी कारवाही गर्ने।

३. कृषि तथा पशुहाटवजारलाई नमूना वजार वनाउन निम्न सुविधाहरु निर्माण गर्ने:

(क) व्यापारी र पशुलाई गर्मि र वर्षावाट वचाउन टहरा निर्माण।

(ख) ढल निकासाको व्यवस्था र आवश्यक पर्ने ठाँउमा भुई ढलान।

(ग) पशुहरुलाई गाडिवाट ओराल्न र चढाउनको मंच, प्लेटफार्म निर्माण।

(घ) व्यापारी/खरिदकर्ता र पंशुहरुलाई खानपानीको व्यवस्था।

(ङ) आवश्यक्ता अनुसार शौचालय र खाचा घरको व्यवस्था।

(च) फोहोरमैला संकलन गर्ने भाँडा, औजार, उपकरणको व्यवस्था।

(छ) कृषि तथा पशुहाटवजार कार्यालय र पशुपन्छी स्वास्थ्य परिक्षण र औपधीउपचार केन्द्रको कोठा निर्माण।

(ज) कृषि तथा पशुहाटवजार प्रवेश मार्ग द्वार।

(झ) सूचना पाटी र होर्डिङ वोर्डको व्यवस्था।

(ञ) विजुलि वत्तिको व्यवस्था।

(ट) पशु तौलने उपकरणको व्यवस्था।

(ठ) जैवीक सुरक्षाका लागि आवश यक संरचना र व्यवस्था।

(ड) कृषि तथा पशुहाटवजारलाई पर्खालले घेरेर भित्र पस्न र निस्कनको लागि निश्चित स्थानमा ढोकाको व्यवस्था।

(ढ) कृषि तथा पशुहाटवजारमा जैविक सुरक्षा सुनिश्चित गर्न मूल ढोकामा अनिवार्य रुपमा निसंक्रमण गर्ने औपधीयुक्त फुटवाथ र उपयुक्त क्षेत्रमा डिस्पोजल पिटको व्यवस्था ।

(ण) विभिन्न जातका पशुहरु राख्नको लागि अलग अलग स्थानको व्यवस्था।

(त) पशुहरुको लागि आवश्यक पर्ने दाना, घाँस, नल, पराल आदी राख्ने ठाउँको उचित प्रवन्ध।

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

(ग) पशु हाटबजारमा ल्याइने र बिक्रि गरिने पशुको रेकर्ड अध्यावधिक गरी राख्नको लागि अभिलेखिकरणको आवश्यक प्रबन्ध।

(द) बिक्रि भएका पशुहरुको स्वास्थय परिक्षण गरि निरोगिताको प्रमाणपत्र जारी गर्ने सेवाको व्यवस्था।

१०. समितिको बैठक र निर्णय:

(क) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने छ। समितिको बैठक कम्तिमा ३ महिनामा १ पटक अनिवार्य रुपमा बस्नुपर्नेछ। प्रत्यक बैठकमा संरक्षकलाई आमनत्रण गर्नुपर्नेछ।

(ख) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या मानिनेछ।

(ग) समितिको बैठक अध्यक्षता अध्यक्षले गर्नेछन र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछन।

(घ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायायक मत दिनेछ।

(ङ) समितिको निर्णय अध्यक्ष द्वारा प्रमाणित गरिनेछ।

(च) समितिको बैठक सम्बन्धी हन्यकार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(छ) उप-समिति गठन गर्न सक्ने: समितिले आफ्नो कार्य संचालनमा सघाउ पुर्याउन समितिको कुनै सदस्यको संयोजकत्वमा उप-समितिको गठन गर्न सक्नेछ र त्यस्तो उपसमितिको काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(ज) समितिको कार्यालय कृषि तथा पशु हाटबजार स्थल परिसर भित्र रहनेछ।

११. कृषि तथा पशुहाटबजार सम्बन्धी व्यवस्था: यस कार्यविधि बमोजिम विधिवत रुपमा कृषि तथा पशु हाटबजार समिति गठन भएको ६०(साठी) दिनभित्र मर्स्याङ्दी गाउँपालिकाको कार्यालयमा दर्ता गराउनु पर्नेछ।

१२. समितिको कोष:

(१) समितिको एउटा छुट्टै कोष हुनेछ। समितिको कोषमा देहायका रकमहरु रहनेछनर समितिकि खर्च सो कोषबाट गरिनेछ।

(क) मर्स्याङ्दी गाउँपालिकाबाट प्रत्यक आर्थिक वर्षमा हाट बजार सरसफाइ, कर्मचारि पारिश्रमिक तथा अन्य व्यवस्थाको लागि प्राप्त रकम,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा विभिन्न व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(ग) विदेशि सरकार/अन्तराष्ट्रिय संघसंस्थाबाट प्राप्त सहयोग।

(घ) अन्य कुनै श्रोतबाट प्राप्त हुने रकम,

अर्जुन गुरुङ
अध्यक्ष

(२)समितिलाई प्राप्त रकम नेपाल राष्ट्र बैंकबाट बैकिङ्ग कारोबार गर्न मान्यता प्रापत "क" वर्गको बैंकमा खाता खोलि जम्मा गर्नुपर्नेछ।

(३)विदेशि सरकार वा अन्तराष्ट्रिय संघसंस्थाबाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्दा मर्स्याङ्दी गाउँपालिका मार्फत नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ।

(४)समितिलाई नेपाल सरकार, प्रदेश सरकार, विदेशि सरकार वा अन्तराष्ट्रिय संघसंस्थाबाट जुन कार्यक्रम वा कार्यको निमित्त रकम प्राप्त गरेको हो, सो रकम सोही कार्यक्रममा वा कार्यमा खर्च गर्नुपर्नेछ।

(५)समितिको कोषको संचालन समितिले निर्णय गरे बमोजिम हुनेछ।

(६)समितिको खता संचालन समितिको अध्यक्ष, उपाधयक्ष, बजार व्यवस्थापक (सदस्य-सचिव) हनिवार्य संयुक्त दस्तखतबाट हुनेछ।

१३. **आर्थिक प्रशासनः**

(१)समितिको आयव्ययको लेखा नेपाल सरकारबाट स्वीकरत ढाँचामा राखिनेछ।

(२)समितिको लेखा परीक्षण आर्थिक कारोबारको आधारमा चार्टड एकाउटेन्ट वा रजिष्टर्ड लेखा परिक्षकबाट आर्थिक वर्ष सकिएको ३ महिनाभित्र गराउनु पर्नेछ।

(३)समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वार्षिक आयव्यय विवरण सहितको प्रतिवेदन मर्स्याङ्दी गाउँपालिकामा बुझाउनुपर्नेछ।

(४)समितिले प्रत्यक महिनाको आयव्यय विवरण सूचना टासँ गरी सार्वजनिक गर्नुपर्नेछ।

(५)लेखा परीक्षणबाट प्राप्त प्रतिवेदन कार्यान्वयन गर्नुपर्नरछ।

(६)समितिले आर्थिक कार्य गर्दा/गराउँदा प्रचलित एन, नियमको अधिनमा रहि गर्नुपर्नेछ। आवश्यक्ता अनुसार समितिले कार्यविधि स्वीकृत गरी सोहि बमोजिम आर्थिक कार्य गर्नु/गराउनुपर्नेछ।

(७)समितिको सम्पूर्ण आर्थिककारोबार र खर्चको विवरण समितिको नियमित बैठकमा अनुमोदन गराउनु पर्नेछ।

१४. पशुहाटबजार आमदानी सम्बन्धमाः मर्स्याङ्दी गाउँपालिकाबाट बजारको हाटकट्टि कर संकलन गर्दा वा ठेक्का व्यवस्थापन गर्दा संकलन हुने रकमको १०० प्रतिशत गाउँपालिकाको राजश्व खातामा जम्मा गरिनेछ।

१५. दरवन्दी स्वकृत गर्नेः हाटबजार समितिलाई आवश्यक पर्ने कर्मचारीको सरबन्दी समितिले प्रस्ताव गरी मर्स्याङ्दी गाउँपालिकाबाट स्वीकृत गराउनुपर्नेछ।

१६. कर्मचारी सम्वन्धी व्यवस्था -

(१)समितिको नियमित कार्य संचालन गर्नको लागि समितिले आफ्नो आर्थिक क्षमता अनुसार स्वीकृत दरवन्दीको आधारमा कर्मचारी व्यवस्था गर्न सक्नेछ।

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

(२)यस विधिबमोजिम समितिको लागि आवश्यक कर्मचारी पदपुर्ति गर्न देहाय बमोजिमको "पदपूर्ति उप-समिति" रहनेछ।

(क)समितिको अधयक्षले तोकरको सदस्य — अध्यक्ष

(ख)रंगेली नगरपालिकाको प्रतिनिधि — सदस्य

(ग)बजार व्यवस्थापक — सदस्य सचिव

(३)बजार व्यवस्थापक नियुक्त गर्नुपर्ने भएमा सो पदपूर्ति समिति निम्नानुसार हुनेछः

(क)हाटबजार संचालक समितिका अध्यक्ष — अध्यक्ष

(ख)मर्स्याङ्दी गाउँपालिकाको प्रतिनिधि — सदस्य

(ग)हाटबजार समितिको अध्यक्षले तोकेको सदस्य — सदस्य सचिव

(४)हाटबजार समितिको विनियमावलीमा कर्मचारीको नयाँ नियुक्ति वा बढुवा सम्बन्धमा छुट्टै स्पष्ट व्यवस्था नभएमा मर्स्याङ्दी गाउँपालिकाले पालना गर्ने व्यवस्थालाई अवलम्वन गर्नुपर्नेछ।

(५)समितिका कार्मचारीहरुको परिपालना तथा अन्य सेवा सम्वन्धि सुविधाहरुको पर्णण दायित्व समितिमा हुनेछ।

१७. व्यवस्थापकको नियुक्ति

(१)दैनिक प्रशासकीय एवम हाटबजार संचालन, सूचना प्रवाह र तोकिएको अन्य काम गर्न समितिले एक बजार व्यवस्तापक नियुक्त गर्नेछ।

(२)माथि उपदफा १ बमोजिमको नियुक्ति गर्दा खुल्ला प्रतिप्पर्धाको आधारमा गर्नेछ।

१८. व्यस्थापकको योग्यताः बजार व्यवस्थापक पदको उमेद्वार हुनको लागि देहायवमोजिमको योग्यता पुगेको हुनुपर्नेछ-

(१)नेपाली नागरिक,

(२)२५ वर्ष पुरा भई ५० वर्ष नमाघेको,

(३)अर्थशास्त्र वा व्यवस्थापन विषयमा उच्च माध्यमिक तह उतिर्ण गरेको,

(४)कानुन बमोजिम कुनै पनि किसिमको सजाय नपाएको भनि घोषणा गरेको।

व्यवस्थापकको काम, कर्तव्य, अधिकार र सुविधाः

(१)आफु मातहतका कर्मचारीहरुको रेखदेख र नियणत्रण गर्ने,

(२)समितिको निर्णय कार्यान्वयन गर्ने/गराउने,

(३)बजार व्यवस्थापनको लागि आवश्यक वार्षिक, अल्पकालिन तथा दिर्गकालिन योजना तर्जुमा गरी समिति समक्ष पेश गर्ने,

(४)पशु हाटबजार विकाससँग सम्बन्धित विभिन्न निकायहरुसँग समन्वय राखी काम गर्ने,

(५)समितिले तोकेको अन्य कार्यहरु गर्ने

(६)पशु हाटबजार व्यवस्थापकको सेवा शर्त र सुविधा समितिले तोके बमोजिम हुनेछ।

२०. **प्राविधिक सहयोग सम्बन्धी व्यवस्थाः** कृषि तथा पशुहाटबजारको लागि पशु चिकित्सक, कृषि अधिकृत लगायत आवश्यक प्राविधिक सहयोगको व्यवस्था मर्स्याङ्दी गाउँपालिकाबाट हुनेछ।

२१. **स्टल वा स्थान वितरण सम्बन्धी व्यवस्थाः**

(१)पशु हाटबजार स्थापना स्टल वा पशु राख्ने ठाँउ आदिको भाडा निर्धारण गर्दा समितिले देहायका आधारमा निर्धारण गर्नेछ-

(क) पशु हाटबजार स्थापना र पूर्वाधार विकासमा भएको लगानी,

(ख) हाटबजारको संचालन, व्यवस्थापन खर्च,

(ग)भौतिक संरचना, उपकरण र सुविधाहरुको मर्मत संभार तथा बिमा खर्च,

(घ)पशु हाटबजारमा थप पूर्वाधार विकास एवं सुविधा विस्तारका लागि आवश्यक पर्ने लगानी,

(ङ)जनशक्ति परिचालन तथा उत्प्ररणा खर्च,

(च)आकस्मिक आर्थिक दायीत्व तथा जोखिम व्यवस्थापनका लागि आवश्यक पर्ने रकम,

(२)समितिद्वारा भाडा निर्धारण गरिने प्रकृया निम्नानुसार हुनेछः

(क)समितिले भाडामा उपलब्ध गराउने स्टल, स्थापना आदिको वर्गिकरण गर्ने,

(ख)भाडा निर्धारण आधारवमोजिमको खर्च अनुमान तथा बजार क्षेत्र वरिपरि प्रचलित भाडा दर समेतलाई मध्यनज़र गरी आवधिक भाडा वृद्धिदर समेतको प्रविधिक प्रस्ताव तयार गर्ने,

(ग) समितिले भाडा सम्बन्धी प्राविधिक प्रस्ताव मर्स्याङ्दीगाउँपालिकाले प्राप्त अधिकार वमोजिम गठित भाडा निर्धारन समितिबाट स्वीकृत गराउने।

२२. **पदाधिकारी तथा सदस्यलाई निलम्बन गर्न सक्नेः**

पदाधिकारी तथा सदस्यले देहायको कसुर गरेमा निजहरुलाई व्यवस्थान समितिले तिन महिनासम्म निलम्बनमा राख्न सक्नेछ

(क)आर्थिक अनियमितता गरेमा,

(ख)पदिय अख्तियारको दुरुपयोग गरेमा,

(ग)शान्ति सुरक्षामा खलल गर्ने काम गरेमा।

२३. **समितिलाई भंग गर्न सक्नेः**

(१)देहायको अवस्थामा मर्स्याङ्दी गाउँपालिकाको दफा ४ बमोजिम गठित समिति भंग गरी अर्को व्यवस्था गर्न सक्नेछ-

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

(क) समिति निष्कृय रहि गठन भएको एक वर्ष सम्म एउटा वैठक बस्न नसकेमा,
(ख) समितिले पालिकाबाट प्राप्त निर्देशन पालना नगरेमा,
(ग) हाटबजारको हित विपरित हुने कार्य गरेमा वा आर्थिक अनियमितता गरेको पाइएमा।
(२) उपदफा १ बमोजिम समिति भंग गर्नु पूर्व समितिका सबै पदाधिकारी वा पदाधिकारी विशेषलाई सफाईको मौका दिनुपर्नेछ।

१४. कृषि तथा पशु हाटबजार संचालन सम्बन्धी अन्य व्यवस्था:
दफा १० बमोजिम समिति भंग भएमा र अर्को समिति गठन नभएसम्मको लागि पालिकाले वैकल्पिक व्यवस्था गर्न सक्नेछ ।

१५. बरबुझारथ :
निवर्तमान समितिले नवगठित समितिलाई आफ्नो जिम्माको सम्पुर्ण जिन्सी नगद, आयव्यय विवरण तथा कागजात पदावधि समाप्त भएको १५ दिनभित्र बुझाउनु पर्नेछ र सोको जानकारी पालिकालाई दिनुपर्नेछ ।

१६. बजारको स्वामित्व :
हाटबजारमा विकास गरिएका भौतिक पुर्वाधारहरुको पूर्ण स्वामित्व रंगेली नगरपालिकामा रहेछ । समितिले बजारको स्वामित्व हस्तान्तरण गर्ने वा आफ्नो क्षमता भन्दा बढीको दायित्व लिने गरी वा आफ्नो पदावधि भन्दा बढी अवधीको लागि नगरपालिकाको पूर्व स्वीकृत बिना कसैसँग कुनै पनि सम्झौता गर्ने छैन ।

१७. बीमा सम्बन्धी व्यवस्था :
बजारमा भएको स्थायी भौतिक संरचना, मेसिन -उपकरण एवं सवारी साधनहरुको सम्भव भएसम्म बीमा गराउनु पर्नेछ ।

१८. सुविधा सम्बन्धी व्यवस्था :
समितिका पदाधिकारी एवं कर्मचारीलाई समितिको कामको सिलसिलामा प्रदान गरिने भ्रमण खर्च लगायत अन्य सुविधाहरु समितिका आर्थिक नियमावलीमा तोकिए बमोजिम हुनेछ र आर्थिक नियमावली नभएको अवस्थामा प्रचलित कानुन अनुसार हुनेछ ।

१९. स्थान, समय तोक्ने सक्ने :
हाटबजार समितिले रंगली नगरपालिकाको स्वीकृतमा सर्वसाधारणको सुविधा, सरसफाई तथा ट्राफिक व्यवस्था समेतलाई दृष्टिगत गरी कृषि उपज तथा पशुपन्छी खरिद बिक्री कार्यको लागि यस विधि प्रतिकुल नहुने गरी निश्चित समय, स्थान र प्रक्रिया तोक्ने सक्नेछ ।

(अर्जुन गुरुङ
अध्यक्ष)

३०. निर्णय मान्य हुने ;

यो कार्यविधमा भएको पशु हाटवजार सन्चालन सम्बन्धी कुनै दफा वा पशु हाटबजार समितिको निर्णयमा चित नवुझे रंगेली नगरपालिकामा उजुर गर्न सकिनेछ र त्यस्तो अवस्थामा पालिकाको निर्णय मान्य हुनेछ ।

३१. समितिको निर्णय गरे वमोजिमको छाप तथा लोगो प्रयोग गर्नेछ ।

३२. कार्यविधिमा संशोधन ;

मर्स्याङ्दी गाँउपालिकाको कार्यपालिकाले यो संचालन कार्यविधि आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गर्न सक्नेछ ।